# भाषिक सृष्टिप्रक्रियामा ॐ को भूमिका

■ **डा. प्रेमप्रसाद चौलागाईं**
नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल
Email : chaulagainprem999@gmail.com
DOI : https://doi.org/10.3126/ss.v10i1-2.68621

**सार**

*प्रस्तुत लेख भाषिक सृष्टि प्रक्रियामा ॐ को भूमिकाको निरूपणमा केन्द्रित छ। यस लेखमा विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरी पौरस्त्य वाङ्मयका वेदान्तर्शन र व्याकरणले निर्देश गरेका मान्यताका आधारमा भाषिक सृष्टि प्रक्रियामा ॐ को भूमिकाको बारेमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण प्राप्त भएको निष्कर्ष के हो भने जीवनजगत्को सृष्टिको मूल आधारका रूपमा रहेको ब्रह्मको चित् रूपको प्रतिनिधित्व गर्ने भएकाले ॐ समग्र ज्ञान, चेतना र भाषाको मूल आधार हो । यो स्वयम् उत्पन्न ध्वनि हो । यो भाषाको परा अवस्था हो । यसैले यो व्यक्तिविशेषबाट उच्चरित हुने नभई समग्र ब्रह्माण्डमा नित्यनिरन्तर व्याप्त भइरहने समष्टि ध्वनि हो । यही ॐ नै स्पृष्ट, ईषत्स्पृष्ट, ईषद्विवृत, विवृत आदि आभ्यन्तर प्रक्रियाद्वारा बैखरी रूपमा अभिव्यक्त हुँदा 'अ', 'उ' र 'म्' गरी तीन ध्वनिमा अभिव्यक्त हुन्छ र यसपछि यिनै तीन ध्वनिबाट अन्य ध्वनि उत्पन्न हुन्छन् । ॐ मा एकीकृत रूपमा रहेका लिपिचिह्नहरू ले पनि 'अ', 'उ' र 'म्' लाई नै सङ्केत गरेका छन् । यसमा 'म्' लाई अनुनासिक चिह्नले सङ्केत गरेको छ । भाषाको सृष्टि हुने क्रममा पनि सर्वप्रथम अवर्ण, त्यसपछि उवर्ण अनि ओष्ठस्थानीय व्यञ्जन वर्णको सृष्टि हुने भएकाले ॐ भाषाको प्रमुख स्रोतका रूपमा रहेको छ भन्ने स्पष्ट हुन्छ । शिशुले भाषाको उच्चारण गर्दा पहिले अवर्ण, त्यसपछि उवर्ण अनि ओष्ठस्थानीय व्यञ्जन वर्ण (प, फ, ब, भ, म) र अनि मात्र अन्य स्वर र व्यञ्जन वर्णको उच्चारण गर्नुले पनि यस तथ्यको पुष्टि हुन्छ । यसैले भाषिक सृष्टि प्रक्रियामा ॐ को प्रमुख भूमिका छ भन्ने यस लेखबाट प्राप्त भएको निचोड हो ।*

**शब्दकुञ्जी :** परा, पश्यन्ती, मध्यमा, बैखरी, प्रणव, वाचक

## विषयपरिचय

भाषाको सृष्टि कहिले भयो ? कसरी भयो ? केबाट भयो ? आदि प्रश्नहरू प्रायः सबै व्यक्तिका लागि जिज्ञासाका विषय बनेका छन् । संसारको सृष्टिका बारेमा जिज्ञासा भएझैँ संसारलाई चिनाउने भाषाको सृष्टिका बारेमा पनि जिज्ञासा हुनु स्वाभाविकै हो । उपलब्ध विभिन्न दृष्टिमध्ये पौरस्त्य वाङ्मयका वेदान्त दर्शन र व्याकरणको भाषिक सृष्टिसम्बन्धी दृष्टि निकै प्राचीन हुनुका साथै वैज्ञानिक प्रतीत हुन्छ । वेदान्त दर्शनले जसरी जीवनजगत्को सृष्टि ब्रह्मबाट भयो त्यसरी नै समग्र भाषिक संसारको सृष्टि पनि ब्रह्मबाटै भएको मान्दछ । ब्रह्मको वाचक अर्थात् नाम ॐ भएकाले भाषिक सृष्टिको मूल आधार पनि यही हो भन्ने वेदान्त दर्शनको मान्यता हो । यस्तै व्याकरणले पनि भाषाका परा, पश्यन्ती, मध्यमा र बैखरी गरी भाषाका चार

अवस्था स्विकारी भाषिक सृष्टिको मूल आधार परा अवस्थालाई स्विकारेको छ। भाषाको यही परा अवस्थालाई वैयाकरण भर्तृहरिले शब्दब्रह्मको संज्ञा दिएका छन्। यो शब्दब्रह्म भनेको वेदान्त दर्शनले उल्लेख गरेअनुसार ब्रह्मको चित् अंश हो। यही चित् अंशको वाचक नै ॐ हो। यसैले वेदान्त दर्शन र व्याकरणका अनुसार भाषिक सृष्टि प्रक्रियामा ॐ मुख्य स्रोतका रूपमा रहेको छ भन्ने स्पष्ट हुन्छ।

वेदान्त दर्शन र व्याकरणले ॐ लाई भाषिक सृष्टिको मुख्य स्रोतका रूपमा स्विकारे पनि भाषिक सृष्टि प्रक्रियामा ॐ को भूमिकाको विशद विश्लेषण भने गरेका छैनन्। यही शोधरिक्तताको परिपूर्तिका लागि वेदान्त दर्शन र व्याकरणका मान्यताका आधारमा भाषिक सृष्टि प्रक्रियाको विशद विश्लेषण गरी ॐ को भूमिकाको निर्क्योल गर्नु यस लेखको प्रमुख उद्देश्य हो। यसैले वेदान्त दर्शन र व्याकरणका आधारमा भाषिक सृष्टि प्रक्रियामा ॐ को केकस्तो भूमिका छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा यो लेख केन्द्रित छ।

## अध्ययनको विधि

गुणात्मक प्रकृतिको प्रस्तुत लेखमा प्रयुक्त सामग्रीको स्रोत पुस्तकालय हो र आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। सामग्री सङ्कलनका लागि मुख्यतः पुस्तकालय विधिको उपयोग गरिएको छ। व्याकरण र वेदान्त दर्शनका भाषिक सृष्टिसम्बन्धी मान्यताका आधारमा भाषिक सृष्टि प्रक्रियामा ॐ को भूमिकाको निरूपणमा केन्द्रित भएकाले यस लेखमा सैद्धान्तिक आधारका रूपमा वेदान्त दर्शनका उपजीव्य ग्रन्थहरू *वेद, उपनिषद्, ब्रह्मसूत्र, श्रीमद्भगवद्गीता* र व्याकरणअन्तर्गत *वाक्यपदीय*लाई लिइएको छ। व्याकरण र वेदान्त दर्शनका आधारमा भाषिक सृष्टिप्रक्रियाको व्याख्या गर्दा आवश्यक स्थलमा आधुनिक भाषाविज्ञानका मान्यतासँग यिनको तुलनासमेत गरिएको छ। यरी विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरिएको यस लेखमा भाषिक सृष्टिप्रक्रियाको सैद्धान्तिक आधारको चर्चासँगसँगै ॐ को भूमिकाको विश्लेषण गरी सामान्यीकरण गरिएको छ।

## भाषिक सृष्टिप्रक्रिया ॐ को भूमिका

ॐ भाषिक रूप हो। वेदान्त दर्शनका अनुसार रूप दुई किसिमका हुन्छन् सांसारिक रूप र भाषिक रूप। सांसारिक रूप भनेको जीवनजगत् हो भने भाषिक रूप भनेको सांसारिक रूपलाई सङ्केत गर्ने नाम हो। भाषिक रूपलाई नै वाचक भनिन्छ। ॐ ब्रह्मको वाचक हो (*तैत्तिरीयोपनिषद्* (१।८)। यसअर्थमा ब्रह्म वाच्य हो। वाच्य भनेको अर्थ हो भने वाचक भनेको बोली हो। बोली र अर्थका बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। अर्थविनाको बोली काम नलागेझैँ बोली पनि सार्थक नहुँदासम्म बोली मानिँदैन। सांसारिक रूप निगुर्णनिराकार र सगुणसाकार गरी दुई किसिमका छन्। भाषिक रूपमा भने यी दुवै किसिमका रूपलाई सङ्केत गर्न सक्ने सामर्थ्य हुन्छ। जसरी कुनै व्यक्ति जन्मनेबित्तिकै उसलाई बोलाउन उसको नामकरण संस्कार सम्पन्न गरिन्छ, यस्तै वस्तुको उत्पादन/सिर्जना हुनेबित्तिकै त्यसलाई सङ्केत गर्न नाम राख्ने गरिन्छ। यसर्थ वस्तुको सिर्जना र नामकरण आनुक्रमिक रूपमा सम्पन्न हुने प्रक्रिया हुन्। यही मान्यताबमोजिम ब्रह्मबाट जीवनगजत्को सिर्जना भएलगत्तै त्यसलाई सङ्केत गर्ने भाषाको सृष्टि भएको हो भन्ने वेदान्त दर्शन र व्याकरणको मान्यता हो। वेदान्त दर्शनका आधारभूत ग्रन्थ वेद, उपनिषद्, ब्रह्मसूत्र र श्रीमद्भगवद्गीता हुन् भने व्याकरणको आधारभूत ग्रन्थ *वाक्यपदीय* हो। यहाँ यिनै ग्रन्थका आधारमा भाषिक सृष्टिप्रक्रियामा ॐ को भूमिकाको रूिपण गरिन्छ :

## वेद, भाषिक सृष्टिप्रक्रिया र ॐ

वेदान्त दर्शनका उपजीव्य ग्रन्थका रूपमा रहेका वेदमा ॐ को उल्लेख मात्र गरिएको छ, व्याख्या गरिएको छैन । वेदहरू मन्त्रात्मक/ऋचात्मक वाङ्मय भएकाले यिनमा ॐ को व्याख्या गरिएको छैन । ॐ बीज मन्त्र हो । यसैले वेदका मन्त्रको सुरु र अन्त्यमा चाहिँ ॐ को प्रयोग गरिन्छ । सामान्य पाठका सन्दर्भमा चाहिँ मन्त्रका सुरुमा मात्र ॐ को प्रयोग गरिन्छ ।

वेदले जीवनजगत्को सृष्टि र भाषिक सृष्टि दुवैको कारकका रूपमा निर्गुण निराकार तत्त्व (ब्रह्म) लाई लिएको छ । ऋग्वेदको नासदीय सूक्त (१०।१२९) मा जीवनजगत्को सृष्टि प्रक्रियाको सङ्केत गरिएको छ भने वागम्भृणी सूक्त (*ऋग्वेद* १।१२५) मा भाषाका चार अवस्था (परा, पश्यन्ती, मध्यमा र बैखरी) को वर्णनका सन्दर्भ (*ऋग्वेद* १।१६४।४५) बाट भाषिक सृष्टिप्रक्रियाको सङ्केत गरिएको छ । नासदीय सूक्तअनुसार सृष्टिपूर्व केवल शक्तिपुञ्ज एवं चेतनाको आदिस्रोतका रूपमा रहेको निर्गुण निराकार तत्त्व थियो । यसले सृष्टिसम्बन्धी इच्छा गर्‍यो र सोही इच्छाशक्तिबाट चारैतिर किरण फैलियो । यही किरण नै पदार्थ रूपमा प्रकट हुन थाल्यो र सम्पूर्ण जीवनजगत्को सृष्टि भयो । ऋग्वेदको यही मान्यतालाई उपनिषद् र वेदान्त दर्शनले सविस्तार व्याख्या गरेका छन् । उपनिषद् र वेदान्त दर्शनले व्याख्या गरेअनुसार ब्रह्मको वास्तविक रूप निर्गुणनिराकार हो । यस रूपअन्तर्गत सत्, चित् र आनन्द तीन अंश रहेका हुन्छन् । सत् अंशले आत्मनिष्ठ नित्य परमाणु अंशको सङ्केत गरेको छ भने चित् र आनन्द अंशले आत्मनिष्ठ चेतन अंशको सङ्केत गरेका छन् । यी तीन तत्त्व आकारहीन र गुणहीन अवस्थामा रहने भएकाले ब्रह्मलाई निर्गुण र निराकार भनिएको हो । ब्रह्म एक्लै सृष्टि गर्न सक्दैन । उसलाई सृष्टिकार्यमा मायाको साथ चाहिन्छ (*श्वेताश्वतरोपनिषद*, ४।१) । सृष्टिकार्यमा ब्रह्मलाई साथ दिने मायालाई अविद्या वा प्रकृति पनि भनिएको छ । यसरी ब्रह्मको सृष्टि गर्ने इच्छा र तदनुरूप उसले मायाको साथ पाएपछि उक्त निर्गुणनिराकार ब्रह्म सगुणसाकार रूपमा परिणत भई सृष्टि प्रक्रियाको प्रारम्भ भएको उल्लेख गरिएको छ (*तैत्तिरीयोपनिषद*, ३।१।१) । निर्गुणनिराकार ब्रह्मको सगुणसाकार रूप चाहिँ ब्रह्मा (सृष्टिकर्ता) विष्णु (पालन कर्ता) र शिव (संहार कर्ता) को समष्टि रूप हो । यसपछि सृष्टि हुने क्रममा ब्रह्मको सत् अंशबाट पञ्चभूत (पृथिवी, जल, तेज, वायु र आकाश) को सृष्टि भयो । यसपछि सत्, चित् र आनन्द तिनै अंशको समन्वयबाट स्थावर र जङ्गम वस्तुको सृष्टि भएको हो । *ब्रह्मसूत्र* (१।१।२) को दोस्रो सूत्र 'जन्माद्यस्य यतः' ले सङ्केत गरेको तथ्य पनि यही हो । यस सूत्रको मुख्य स्रोत *तैत्तिरीयोपनिषद्* (१।३।१) को "यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति तद् विजिज्ञासस्व तद् ब्रह्मेति" अर्थात् जसबाट यी सम्पूर्ण प्राणीहरू जन्मन्छन्, जसको आश्रयमा बाँच्दछन् र अन्त्यमा जसमा नै समाहित हुन्छन् त्यो ब्रह्म हो । यसर्थ ब्रह्मबाट जीवन जगत्को सृष्टि भएझैँ भाषाको सृष्टि पनि ब्रह्मबाट नै भएको हो मान्यता वेदान्त दर्शनको हो ।

ऋग्वेदको वागम्भृणी सूक्तमा चाहिँ वाग्देवीबाट जीवनजगत्को सृष्टि भएको उल्लेख गरिएको छ । यहाँ 'वाग्देवी' शब्दले बोलीकी अधिष्ठात्री देवी सरस्वती र बोली दुवैलाई सङ्केत गरेको छ । वाग्देवीबाट सृष्टि हुन्छ भन्नुको तात्पर्य जीवनजगत्को सृष्टि भइसकेपछि त्यसलाई सङ्केत गर्ने भाषाको सृष्टि वाग्देवीबाट हुन्छ भन्ने बुझ्नुपर्छ । वागम्भृणी सूक्तको भनाइ यसप्रकार छ :

...अहं द्यावापृथिवी आविवेश । अहं सुवे पितरमस्य मूर्धन्मम योनिरप्स्वन्तःसमुद्रे । ततो वितिष्ठे भुवनानु विश्वोतामूं द्यां वर्ष्मणोपस्पृशामि । अहमेव वात इव प्रवाम्यारभमाणा भुवनानि विश्वा । परो दिवा पर एना पृथिव्यैतावती महिना सम्बभूव । (*ऋग्वेद*, १।१२५)

अर्थात् म वाग्देवी नै अन्तर्यामी रूपमा पृथिवी र आकाशको भित्र व्याप्त भएर रहन्छु । जगत्को सर्वोच्च स्थानको दिव्यलोक मैले नै सृष्टि गरेकी हुँ । मेरो उत्पत्तिस्थल विराट् समुद्रको अप्तत्त्वमा छ । त्यहीँ स्थानबाट सम्पूर्ण विश्वमा म व्याप्त हुन्छु । महान् अन्तरिक्षलाई मैले नै आफ्नो अग्लो शरीरले स्पर्श गरेकी छु । समस्त लोक बनाएर म वायुजस्तै सबै ठाउँमा विचरण गर्दछु । मेरो महिमा स्वर्गलोक र पृथ्वीभन्दा पनि महान् छ ।

उपर्युक्त कथनअनुसार वाक् अर्थात् भाषा सम्पूर्ण विश्वमा व्याप्त भएर रहने अलौकिक शक्ति हो । ऋग्वेदमा प्रस्तुत यस तथ्यलाई वैज्ञानिक उपकरणले पनि केही हदसम्म प्रमाणित गरिदिएका छन् । एकै ठाउँमा बोलिएको शब्द यन्त्रका माध्यमबाट हजारौँ ठाउँमा सुन्न सकिन्छ । वस्तुतः यो भाषाको व्यापकता नै हो । यन्त्र त केवल भएको कुरालाई प्रस्तुत गरिदिने माध्यम मात्र हो । भाषाको सृष्टिप्रक्रियामा देखिएका चारअवस्थालाई *ऋग्वे*दमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चत्वारि वाक् परिमिता तानि विर्दुर्बाह्मणा ये गुहा त्रीणि निहिता नेङ्गयन्ति, तुरीयं वाचो मनुष्या वदन्ति
(*ऋग्वेद*, १। १६४। ४५)

परा, पश्यन्ती, मध्यमा र बैखरी यी चारको समन्वयात्मक रूप भाषा हो । परा, पश्यन्ती र मध्यमा भाषाका आन्तरिक रूप हुन् भने मानिस चौथो अर्थात् बैखरी (अभिव्यक्त रूप) बोल्दछन् । ऋग्वेदका अनुसार भाषाको 'परा' अवस्था भनेको यसको सुषुप्त वा बीजरूप हो भने भाषा प्रयोगको निश्चित प्रक्रिया प्रारम्भ भएपछि र भाषिक उच्चारण नहुन्जेलसम्मको स्थिति 'पश्यन्ती' तथा 'मध्यमा' र उच्चारण भइसकेपछिको अवस्था चाहिँ भाषाको बैखरी रूप हो । यसरी ऋग्वेदले आन्तरिक र बाह्य गरी दुई तहबाट भाषालाई चिनाएको छ । परा, पश्यन्ती र मध्यमाले भाषाको आन्तरिक पक्षको प्रतिनिधित्व गरेका छन् भने बैखरीले बाह्य पक्षको प्रतिनिधित्व गरेको छ । *ऋग्वे*दले उल्लेख गरेको परा अवस्था ॐ को मूल रूप हो । यही ॐ नै पश्यन्ती, मध्यमा हुँदै बैखरीका रूपमा अभिव्यक्त हुन्छ र पुनः यही ॐ नै आफ्ना शक्तिहरूलाई आश्रयण गरी विविध भाषिक रूपमा अभिव्यक्त हुन्छ भन्ने सङ्केत ऋग्वेदले गरेको छ । यही तथ्यलाई ऋग्वदेका उत्तरवर्ती व्याख्यात्मक ग्रन्थले स्पष्ट पारेका छन् ।

## उपनिषद्, श्रीमद्भगवद्गीता र ब्रह्मसूत्र मा ॐ

उपनिषद्मा ॐ लाई ब्रह्मको वाचकका रूपमा लिइएको छ । तैत्तिरीयोपनिषद् (१।८) को "ॐ इति ब्रह्म" अर्थात् 'ॐ नै ब्रह्म हो' भन्ने विचार, माण्डूक्योपनिषद् (१।१-८) को "ॐ इत्येतदक्षरमिदं सर्व तस्योपव्याख्यानं भूतं भवद्भविष्यदिति सर्वम् ॐकार एव । यच्चान्यत् त्रिकालातीतं तदपि ॐकार एव । .....सोऽयमात्माध्यक्षरम् ॐकारोऽधिमात्रं पादा मात्रा मात्राश्च पादा अकार उकारो मकार इति" अर्थात् ॐ यो अविनाशी ब्रह्मको रूप हो, यो सम्पूर्ण जगत् ॐ कै विस्तार हो, भूत, वर्तमान र भविष्यत् पनि ॐ नै हो यी तीन कालभन्दा माथि जुन तत्त्व छ त्यो पनि ॐ नै हो,... ब्रह्म र त्यसको वाचकका रूपमा रहेको यो ॐ को अ, उ म् गरी तीन मात्रा छन्, यी तीन मात्रा नै ब्रह्मका तीन पाउ पनि हुन्' भन्ने विचार र *श्रीमद्भगवद्गीता* (८।१३) को ''ॐ इत्येकाक्षरं ब्रह्म' अर्थात् ॐ यो एक अक्षर ब्रह्म हो' भन्ने भनाइलाई आधार मानी ॐ बाट भाषाको सृष्टि

भएको हो भन्ने तथ्यको पुष्टि गरेका छन् । *ब्रह्मसूत्र* (१।१)को पहिलो सूत्र 'जन्माद्यस्य यतः' मा जन्म, स्थिति र प्रलयको कारकका रूपमा ब्रह्मलाई लिइएको छ *बह्मसूत्र*मा उल्लेख गरिएको ब्रह्मको वाचक भनेको ॐ नै हो । यसर्थ उपनिषद्, श्रीमद्भगवद्गीता र ब्रह्मसूत्रका अनुसार ॐ ब्रह्मको वाचक हो ।

माण्डूक्योपनिषद्मा उपर्युक्त तीन मात्रा र तिनको समष्टि रूप ॐ गरी ब्रह्मका चार पाउको उल्लेख गरिएको छ । यी चार पाउलाई क्रमशः जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीय अवस्थाको सङ्केतक/प्रकाशकका रूपमा प्रस्तुत गरिएको छ । माण्डूक्योपनिषद्का अनुसार जाग्रत् अवस्थालाई प्रकाशित गर्ने ॐ को रूपलाई वैश्वानर, स्वप्न अवस्थालाई प्रकाशित गर्ने रूपलाई तैजस, सुषुप्ति अवस्थालाई प्रकाशित गर्ने रूपलाई प्राज्ञ र तुरीय अवस्थालाई द्योतन गर्ने रूपलाई ब्रह्म भनिएको छ । अकार, उकार र मकार तीनओटा ध्वनिले जाग्रत्, स्वप्न र सुषुप्तिलाई सङ्केत गरेका छन् भने समष्टि ॐ ले चाहिँ तुरीय अवस्थालाई सङ्केत गरेको छ । तुरीय अवस्था ब्रह्मको निर्गुणनिराकार रूप हो भने अन्य तीन अवस्था चाहिँ सगुणसाकार रूप हुन् । यस अभिप्रायमा ॐ का व्यष्टि रूप अकार, उकार र मकार ले ब्रह्मका सगुण रूप ब्रह्मा, विष्णु र महेश्वरलाई सङ्केत गरेका छन् भन्न सकिन्छ । फरक अवस्थामा फरक रूपमा अवस्थित भए पनि समग्रमा ब्रह्म एउटै भएझैँ अवस्थाविशेषका कारण अ, उ र म् गरी तीन मात्रामा अभिव्यक्त भए पनि ॐ एउटै हो र यसैबाट सम्पूर्ण भाषिक संसारको सृष्टि भएको हो भन्ने मान्यता *माण्डूक्योपनिषद्*को हो ।

## व्याकरणमा ॐ

**ॐ लाई वैयाकरण भर्तृहरिले शब्दब्रह्मको संज्ञा दिएका छन् :**

> अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् ।
> विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः । *(वाक्यपदीय, १।१)*

जुन तत्त्व अनादिनिधन अर्थात् उत्पत्ति र विनाशले रहित छ, जो अक्षर (अविनाशी र व्यापक) छ, जुन तत्त्व बाह्य भौतिक पदार्थका रूपमा प्रकट हुन्छ, जुन तत्त्वबाट संसारको उत्पत्तिको प्रक्रिया प्रारम्भ हुन्छ, त्यो चैतन्य स्वरूप ब्रह्म नै शब्दतत्त्वको मूल रूप अर्थात् ॐ हो ।

यहाँ भर्तृहरिले शब्दब्रह्म भनेर शब्दलाई ब्रह्मसित जोड्नुको तात्पर्य शब्द र अर्थका बिच अन्योन्याश्रित सम्बन्ध छ भन्ने सङ्केत गर्नु हो । भर्तृहरिका अनुसार ब्रह्म भनेको वाच्य अर्थात् अर्थ (ब्रह्मको चित् रूप) हो र वाचक/शब्द भनेको भाषिक संरचनाको मूल रूप ॐ (अ, उ, म् यी तीन वर्णको समष्टि) हो । वाच्य (ब्रह्म) र वाचक (ॐ) अन्योन्याश्रित रूपमा सम्बद्ध छन् । यसर्थ ब्रह्मको चित्‌रूप ॐ (शब्दब्रह्म) बाट भाषाको सृष्टि हुन्छ भने ब्रह्मको समष्टि रूपबाट चाहिँ जीवनजगत्को सृष्टि हुन्छ । ॐ यो एउटै रूपबाट समग्र भाषिक रूपको सृष्टि हुन्छ भन्ने मान्यता भर्तृहरिको छ :

> एकमेव यदाम्नातं भिन्न शक्तिव्यपाश्रयात् ।
> अपृक्थक्त्वेऽपि शक्तिभ्यः पृथक्त्वेनेव वर्तते । *(वाक्यपदीय १।२)*

जुन शब्दब्रह्म एउटै छ अर्थात् सजातीय, विजातीय र स्वगत भेदले शून्य अद्वितीय सनातन तत्त्वका रूपमा रहेको छ, त्यो सद्‌रूप तत्त्व एक मात्र भएर पनि जीवनजगत्का घट, पट आदि विभिन्न पदार्थको उत्पादन गर्ने योग्यतारूप शक्तिका आश्रयणले गर्दा शक्तिगत भेदलाई ब्रह्ममा आरोप गरी घट, पट आदि पृथक् पृथक् कार्य

रूपमा अभिव्यक्त हुन्छ । यस्तै ब्रह्मको वाचकका रूपमा रहेको ॐ पनि एउटै तत्त्व हो । 'प्रणव एवैकस्त्रेधा व्यभज्यत' अर्थात् यही ॐ नै भाषिक सृष्टि प्रक्रियाको प्रारम्भ भएपछि ऋग्, यजु र साममा विभक्त भयो र पुनः आफ्ना शक्तिहरूलाई आश्रयण गरी बैखरी (बोली) का अनेक रूपमा अभिव्यक्त भयो ।


भर्तृहरिले वाचक (शब्द) र वाच्य (अर्थ) का बिचको सम्बन्धलाई स्फोटको संज्ञा दिएका छन् । भर्तृहरिका अनुसार 'जसबाट अर्थ प्रस्फुटित/द्योतित हुन्छ त्यो स्फोट हो ।' यसैले अर्थविनाको शब्द हुँदैन र शब्दले अर्थ व्यक्त गर्नु नै पर्दछ (वाक्यपदीय, २।३१) । यसर्थ वाचक ॐ ले वाच्य ब्रह्मलाई सङ्केत गर्ने भएकाले यी दुईका बिच अन्योन्याश्रित सम्बन्ध छ भन्ने स्पष्ट हुन्छ ।

भर्तृहरिका अनुसार शब्द बाह्य र आन्तरिक गरी दुई प्रकारका छन् । ध्वनिसमुदाय/नाद बाह्य शब्द हो भने बुद्धिस्थ शब्द आन्तरिक शब्द हो । अर्थ व्यक्त गर्ने शब्दलाई स्फोट भनिएकाले बुद्धिस्थ शब्द स्फोट हो । बाह्य शब्द/ध्वनिसमुदाय विनाशशील हुने भएकाले अर्थको अन्योन्याश्रित सम्बन्ध चाहिँ आन्तरिक शब्द/स्फोटसित रहेको हुन्छ । ध्वनिसमुदाय अर्थहीन र विनाशशील भए पनि तिनको संस्कार मस्तिष्कमा रहन्छ र यही संस्कारबाट नै स्फोटको अभिव्यक्ति हुन्छ । स्फोटलाई भर्तृहरिले अरणिस्थ ज्योति (दाउरामा रहेको आगो) को दृष्टान्त दिएर व्याख्या गरेका छन् । दाउरामा सूक्ष्म रूपमा रहेको अग्नि बाह्य स्थूल/दृश्य अग्निको कारण बनेझैँ स्फोट पनि बाह्य शब्दको कारण बन्दछ (*वाक्यपदीय*, १।४१) । यसरी एकातिर बुद्धिस्थ स्फोट कण्ठ, तालु आदि ध्वनि अवयवको सहायताबाट ध्वनिरूपमा परिणत हुन्छ भने अर्कोतिर उक्त ध्वनिसमुदायबाट स्फोटको अभिव्यञ्जन पनि हुन्छ । ॐ पनि बाह्य र आन्तरिक गरी दुई प्रकारका छन् । ध्वनिसमुदाय/नाद ॐ को बाह्य रूप हो भने बुद्धिस्थ ॐ आन्तरिक रूप हो । ॐ आन्तरिक रूप (स्फोट) ले ब्रह्मलाई सङ्केत गर्दछ ।


## जीवनजगत्को सृष्टि प्रक्रिया र भाषिक सृष्टिप्रक्रियाको तुलना

वेद, उपनिषद्, गीता, ब्रह्मसूत्र र वाक्यपदीयका मान्यताको विश्लेषणबाट प्राप्त भएको निष्कर्ष के हो भने ब्रह्मबाट जीवनजगत्को सष्टि भएझैँ ब्रह्मकै चित्‌रूप ॐबाट भाषाको सृष्टि भएको हो । ब्रह्मबाट जीवनजगत्को सृष्टिप्रक्रिया र शब्दब्रह्म (ॐ) बाट भएको भाषिक सृष्टिको प्रक्रिया प्रक्रियालाई निम्नलिखित आरेखबाट स्पष्ट पार्न सकिन्छ :

**आरेख : १ वेदान्तअनुसार जीवन/जगत्को सृष्टिप्रक्रिया**




**आरेख : २ ब्रह्मको चित् अंशबाट भाषाको सृष्टिप्रक्रिया**



उपर्युक्त आरेखअनुसार सत्, चित् र आनन्दरूप निर्गुण ब्रह्मले सृष्टिको इच्छा हुँदा मायालाई साथ लिएर सगुण ईश्वर, जीव र जगत् रूपमा परिणत हुन्छ । यस्तै चित् रूप शब्दब्रह्म नै माया/शब्दशक्तिको साथ लिएर स्फोट हुँदै बाह्य भाषिक संरचना बैखरी रूपमा परिणत हुन्छ । माकुराले आफूबाट उत्पन्न भएको जालोलाई आफूमै समाहित गर्न सकेझैँ ब्रह्मबाट सृष्टि भएको जीवन जगत् पनि प्रलयपछि ब्रह्ममै विलीन हुन्छ भन्ने वेदान्त दर्शनको मान्यता हो । माटोबाट उत्पन्न भएको घैँटो फुटेपछि माटोमै विलीन हुन्छ । यस्तै ब्रह्मको सत् अंश र प्रकृतिको सहकार्यबाट उत्पन्न माटो पनि अव्यक्त सत् र प्रकृति (अणुरूप) मा विलीन हुन्छ। ब्रह्मको सत्, चित् र आनन्द अंश एवम् माया/अविद्या/प्रकृतिको सहकार्यबाट उत्पन्न जीव पनि चेतन र भौतिक अंशको विच्छेदन (मृत्यु) पश्चात् चेतन अंश ब्रह्मकै चेतन अंशमा विलीन हुन्छ भने भौतिक अंश सत्(अणु/अव्यक्त भूत) अंश मै विलीन हुन्छ। यसैले भौतिक जगत् पहिले पनि अदृश्य/अणु रूपमा थियो र प्रलयपछि पनि यही अव्यक्त रूपमै परिणत हुन्छ (*श्रीमद्भगद्गीता,* २।२८) । परमाणुवादी वैज्ञानिकहरूले पनि सृष्टिको कारक तत्त्वका रूपमा रहेको परमाणु (एटम) लाई तिन तत्त्व न्युट्रोन, इलेक्ट्रोन र प्रोटोनको समष्टिका रूपमा लिएका छन् (*म्याक्सवेल इन्साइक्लोपिडिया,* २०१५, पृ. १८१) । यही एकीकृत ऊर्जापुञ्जका रूपमा रहेको एटममा महाविस्फोट (बिग ब्याङ) भएर त्यसमा रहेका परमाणुहरू गतिशील भएपछि सृष्टिप्रक्रिया प्रारम्भ हुन्छ र प्रलयपछि पुनः एटममै विलीन हन्छ भन्ने मान्यता वैज्ञानिकहरूको रहेको छ । यस्तै सत्, चित् र आनन्दका रूपमा रहेको शब्दब्रह्म पनि स्फोट हुँदै ध्वनिसमुदायका रूपमा व्यक्त हुन्छ र उक्त ध्वनिसमुदाय नष्ट भएपछि संस्कार रूपमा परिणत भएर मध्यमा र पश्यन्ती हुँदै ब्रह्ममै पुग्दछ। आरेखमा उल्लेख गरिएका दोहोरो बाणाकार चिह्नले यही तथ्यलाई सङ्केत गरेका छन् ।

आरेखका उल्लेख भएको तथ्यअनुसार के स्पष्ट भएको छ भने संसारका हरेक प्राणीमा भौतिक र चित् दुवै अंश हुन्छन् । ॐ ब्रह्मको चित् अंशको वाचक भएकाले सम्पूर्ण प्राणी उक्त चित् अंशकै अंश भएकाले सबै प्राणीले भाषा जानेका हुन्छन् । संसारका सम्पूर्ण प्राणीमा ब्रह्मको चित् अंशको अभिव्यक्तिको सामर्थ्य समान किसिमको नहुने भएकाले उनीहरूले प्रयोग गर्ने भाषिक रूप पनि फरक हुन्छन् । नदीमा लोटा र गाग्री लिएर पानी लिन जाँदा ती दुईको आयामगत भिन्नताका कारण पानीको मात्रा धेरै र थोरै प्राप्त भएझैँ मानिस र अन्य प्राणीमा भएको सामर्थ्यगत भिन्नताका कारण उनीहरूमा भाषिक अभिव्यक्ति/सृष्टिको स्तरमा भिन्नता आएको हो । बोलीका माध्यमबाट विचारविनिमय त अन्य प्राणीले पनि गर्छन् तर मान्छेले जस्तो सूक्ष्मतामा होइन । यसर्थ भाषिक अभिव्यक्तिका दृष्टिले मानिस अन्य प्राणीभन्दा विशिष्ट बनेको हो । यसैले आधुनिक भाषाविज्ञानले मानिसको बोलीलाई भाषिक सञ्चार र अन्य प्राणीको बोलीलाई गैरभाषिक सञ्चारको सञ्ज्ञा दिएको छ ।

ॐ ले ब्रह्मको चित् रूपको प्रतिनिधित्व गर्ने भएकाले यो समग्र ज्ञान, चेतना र भाषाको मूल आधार हो । यो अनाहत नादको प्रतीक हो । अनाहत नाद भनेको स्वयम् उत्पन्न ध्वनि हो । यो भाषाको परा अवस्था हो । यसलाई केवल ब्रह्मको निर्गुणनिराकार रूपले मात्र प्रकाशन गरेको हुन्छ । यसैले यो व्यक्तिविशेषबाट उच्चरित हुने नभई समग्र ब्रह्माण्डमा नित्यनिरन्तर व्याप्त भइरहने समष्टि ध्वनि हो । ॐ पौरस्त्य वाङ्मयमा रहेका सम्पूर्ण मन्त्र (ॐ नमः शिवाय, ॐ नमो भगवते वासुदेवाय आदि) का अघि प्रयुक्त हुने बीज मन्त्र हो र यो द्विस्वरयुक्त एकाक्षरी तत्सम शब्द हो । यही ॐ नै स्पृष्ट, ईषत्स्पृष्ट ईषद्विवृत आदि आभ्यन्तर प्रक्रियाद्वारा स्पर्श, ऊष्म, अन्तःस्थ आदि वर्णका रूपमा अभिव्यक्त हुने क्रममा सर्वप्रथम 'अ', 'उ' र 'म्' गरी तीन ध्वनिमा

अभिव्यक्त हुन्छ र यसपछि यिनै तीन ध्वनिबाट अन्य ध्वनि उत्पन्न हुन्छन् । ॐ मा एकीकृत रूपमा रहेका लिपिचिह्नहरू ले पनि 'अ', 'उ' र 'म्' लाई नै सङ्केत गरेका छन् । यसमा 'म्' लाई अनुनासिक चिह्नले सङ्केत गरेको छ । शिशुले भाषाको उच्चारण गर्दा पहिले अवर्ण, (अ, आ, पिता, माता, आमा, बाबा, मदर, फादर) त्यसपछि उवर्ण (उ, ऊ, मामु, बुबु) अनि ओष्ठस्थानीय व्यञ्जन वर्ण (प, फ, ब, भ, म, पापा, बाबा, मामा) र अनि मात्र अन्य स्वर र व्यञ्जन वर्णको उच्चारण गर्नुले पनि यस तथ्यको पुष्टि हुन्छ । यसैले ॐ तीनओटा ध्वनिकै समष्टि रूप हो र यसको उच्चारण *माण्डूक्योपनिषद्*ले निर्देश गरेअनुसार अउम् हुन्छ । आधुनिक भाषाविज्ञानका अनुसार भन्दा 'अउम्' को 'अउ' अंशमा गरिएको अधोरेखाङ्कनले यो अंश द्विस्वर (diphthong) हो र यो श्वासको एउटै झोक्कामा उच्चरित हुन्छ । यसैले अउम् व्यञ्जनसहितको द्विस्वर भएको एकाक्षरी शब्द हो । वैयाकरण पाणिनिले पनि ॐ मा आउने 'अउ' लाई आधार/मूल स्वर र त्यसबाट बनेको ओलाई गुणस्वर (*अष्टाध्यायी*, ६।१।८७) मानेका छन् । यसर्थ पाणिनिका दृष्टिमा पनि ॐ अउम् कै समष्टि रूप हो ।

उपनिषद्ले सङ्केत गरेको ॐ को संरचना र तदनुरूपको उच्चारणको तात्पर्य नबुझी पछिल्लो समयका संस्कृत, हिन्दी र नेपाली शब्दकोशमा ॐ को अग्रवर्ती स्वर 'ओ' भएको र त्यो नै आधार स्वर भएको मानी यसलाई 'ओम्' मा समावेश गरिएको पाइन्छ । यद्यपि संस्कृतका अधिकांश शब्दमा 'ओ' आधार स्वरकै रूपमा उच्चरित हुन्छ तर ॐ का सन्दर्भमा भने उपनिषद्ले स्पष्टसँग निर्देश गरेकाले यो आधार स्वरका रूपमा नभई एक व्यञ्जनले युक्त द्विस्वरका रूपमा उच्चरित हुनुपर्छ तर अहिले अन्य यसो नभई आधार स्वरका रूपमा उच्चरित हुने गरेको छ । यसर्थ द्विस्वात्मक एकाक्षरी शब्दका रूपमा ॐ को उच्चारण हुनुपर्नेमा कहिलेदेखि आधार स्वरका रूपमा उच्चरित हुने थाल्यो, यो खोजीको विषय हो । आधुनिक भाषाविज्ञानका अनुसार भाषामा समयक्रममा स्वाभाविक रूपमा परिवर्तन हुन्छ । यही मान्यताबमोजिम ॐ को उच्चारणमा पनि परिवर्तन भएको हुन सक्छ । यसैले अहिले नेपाली र अङ्ग्रेजी भाषामा चाहिँ 'ओ' मूल स्वरका रूपमा मात्र उच्चरित हुन्छ । यिनमा पनि नेपालीमा 'ओ' लिपिअनुसार नै उच्चरित हुन्छ तर अङ्ग्रेजीमा भने लिपिअनुसार उच्चरित हुँदैन । अङ्ग्रेजीका 'omnipotent' (सर्वशक्तिमान्), 'omnipresent' (सर्वव्यापक) र 'omniscient' (सर्वज्ञ) शब्दको उच्चारण अक्सफर्ड डिक्स्नरी (सन् १९९५,पृ.८६१) मा उल्लेख भएअनुसार क्रमशः अम्निपटन्ट् (ɒmˈnɪpətənt), अम्निप्रेजन्ट (ɒmnɪˈprezənt) र अम्निसिअन्ट् (ɒmˈnɪsiənt) हुने हुँदा अङ्ग्रेजीमा लेखाइमा 'ओम्' भए पनि उच्चारणमा 'अम्' भएको देखिन्छ । यस्तै 'home' को 'हउम्' (həʊm, अक्सफर्ड डिक्स्नरी, सन् १९९५,पृ.५९५०, 'ago' को 'अगउ' (ə'gʊ, अक्सफर्ड डिक्स्नरी, सन् १९९५,पृ.२४० मा 'ओ' को उच्चारण 'अउ' हुन्छ । अङ्ग्रेजी र संस्कृत एउटै परिवार (भारोपेली) का भाषा भएकाले ॐ का सन्दर्भमा यी दुई भाषा समान छन् भन्ने स्पष्ट हुन्छ तर अङ्ग्रेजी भाषा लेखाइअनुसार उच्चरित हुने भाषा भने होइन । यति मात्र होइन, अङ्ग्रेजीका कतिपय शब्द (psychology, knife ...) मा आएका केही ध्वनिको त उच्चारणसमेत हुँदैन तर संस्कृत चाहिँ लिपिअनुसार नै उच्चारण हुने भाषा हो । यसैले संस्कृत भाषा कम्प्युटरका लागि अतिउपयोगी भाषा बन्न सक्ने पूर्वानुमान गरिएको छ ।

अङ्ग्रेजीमा पनि पौरस्त्य वाङ्मयको ॐ ले बुझाउने अर्थ (सर्वशक्तिमान्, सर्वव्यापक र सर्वज्ञ) को सङ्केत गर्ने उपर्युक्त सबै शब्दका अघि 'om' उच्चारणमा चाहिँ (aum) को प्रयोग हुनुले उपनिषद्मा उल्लेख गरिएझैँ ॐ

अनाहत नाद र सार्वभौम ध्वनि भएको कुरामा थप प्रमाण मिलेको छ । ॐ को उच्चारणमा चाहिँ समयक्रममा केही परिवर्तन भएकाले नेपाली र अङ्ग्रेजीमा 'ओ' आधार स्वरका रूपमा उच्चरित हुनु स्वाभाविकै हो तर तत्सम एकाक्षरी शब्द ॐ का सन्दर्भमा भने यो व्यवस्था लागु हुँदैन । यसैले अहिलेका संस्कृत, हिन्दी र नेपालीका हरेक शब्दकोशमा उपनिषद्ले निर्देश गरेअनुसार नै द्विस्वरयुक्त एकाक्षरी शब्दका रूपमा ॐ को प्रविष्टि गर्नुपर्ने हुन्छ। यसो गर्दा यसको क्रम 'अ' वर्णमा आउँछ। अर्को कुरो, नेपालीमा क्ष(क्‍ष्‍अ), त्र(त्‍र्‍अ), ज्ञ(ज्‍ञ्‍अ), द्य(द्‍य्‍अ) जस्ता वर्णलाई संस्कृतकै नियमअनुसार संयुक्त वर्ण स्वीकार गरेर यिनलाई संस्कृत, हिन्दी र नेपाली शब्दकोशमा क्रमशः 'क', 'त', 'ज' र 'द' वर्णको क्रममा राखिएको छ, यस्तै अं र अः लाई पनि 'अ'वर्णकै क्रममा राखिएको छ तर ॐ का सन्दर्भमा भने उपनिषद्को मान्यतालाई समेत स्वीकार गरिएको छैन । यसैले ॐ द्विस्वरयुक्त एकाक्षरी शब्द (अउम्) भएको कुरा उपनिषद्ले स्पष्ट उल्लेख गर्दागर्दै र संस्कृत व्याकरणले त्यसको समर्थन गर्दागर्दै यसलाई संस्कृतको नियमविपरीत शब्दकोशमा प्रविष्टि दिइएको हो भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । उपर्युक्त विश्लेषणका आधारमा के स्पष्ट भएको छ भने ॐ समग्र भाषिक सृष्टिको मूल आधार हो ।

## निष्कर्ष

पौरस्त्य वाङ्मयका वेदान्त दर्शनका अनुसार जसरी जीवनजगत्को सृष्टि ब्रह्मबाट भयो त्यसरी नै समग्र भाषिक संसारको सृष्टि पनि ब्रह्मबाटै भएको हो । भाषिक सृष्टि चाहिँ ब्रह्मको चित् अंशबाट भएको हो । यस चित् अंशको वाचक ॐ हो । यसैले भाषाको सृष्टि ॐ बाट भएको हो । यस्तै व्याकरणका अनुसार भाषाका परा, पश्यन्ती, मध्यमा र बैखरी गरी चार अवस्थामध्ये ॐ को मुख्य सम्बन्ध परा अवस्थासँग छ। परा अवस्था भनेको शब्दब्रह्म हो । यही शब्दब्रह्मबाट भाषाको सृष्टि भएको हो । पराअवस्थाको मुख्य भाषिक रूप नै ॐ हो । यसर्थ व्याकरणका अनुसार पनि भाषिक सृष्टिको प्रमुख स्रोत ॐ हो । यस्तै ॐ पौरस्त्य वाङ्मयमा रहेका सम्पूर्ण मन्त्र (ॐ नमः शिवाय, ॐ नमो भगवते वासुदेवाय आदि) का अघि प्रयुक्त हुने बीज मन्त्र हो । बीजमन्त्रका अघि प्रयोग हुनुले पनि यो भाषिक सृष्टिको प्रमुख स्रोत हो भन्ने बुझिन्छ । यो स्वयम् उत्पन्न ध्वनि हो । यसैले यो व्यक्तिविशेषबाट उच्चरित हुने नभई समग्र ब्रह्माण्डमा नित्यनिरन्तर व्याप्त भइरहने समष्टि ध्वनि हो । यही ॐ नै स्पृष्ट, ईषत्स्पृष्ट ईषद्विवृत, विवृत आदि आभ्यन्तर प्रक्रियाद्वारा बैखरी रूपमा अभिव्यक्त हुँदा 'अ', 'उ' र 'म्' गरी तीन ध्वनिमा अभिव्यक्त हुन्छ र यसपछि यिनै तीन ध्वनिबाट अन्य ध्वनि उत्पन्न हुन्छन् । शिशुले अवर्ण, उवर्ण, ओष्ठस्थानीय व्यञ्जन वर्ण अनि मात्र अन्य स्वर वर्ण र व्यञ्जन वणको उच्चारण गर्नुले यस तथ्यको पुष्टि हुन्छ । ॐ मा एकीकृत रूपमा रहेका लिपिचिह्नहरूले पनि 'अ', 'उ' र 'म्' लाई नै सङ्केत गरेका छन् । यसमा 'म्' लाई अनुनासिक चिह्नले सङ्केत गरेको छ । ॐ अर्थयुक्त भाषिक एकाइ भएकाले यो संयुक्त वर्ण नभई द्विस्वरयुक्त एकाक्षरी तत्सम शब्द हो । ॐ मा रहेका अकार, उकार र मकार तीनओटा ध्वनिले जाग्रत्, स्वप्न र सुषुप्तिलाई सङ्केत गरेका छन् भने समष्टि ॐ ले चाहिँ तुरीय अवस्थालाई सङ्केत गरेको छ । तुरीय अवस्था ब्रह्मको निर्गुणनिराकार रूप हो भने अन्य तीन अवस्था चाहिँ सगुणसाकार रूप हुन् । ब्रह्मको सगुणसाकार रूपले ब्रह्मा, विष्णु र महेश्वरलाई बुझाउने भएकाले ॐ ले यी तीन देवतालाई पनि बुझाउँछ भन्ने वेदान्त दर्शनको मान्यता हो । यसैले भाषिक सृष्टिको मूल आधार ॐ हो । यस अर्थमा भाषिक सृष्टिप्रक्रियामा ॐ को प्रमुख भूमिका छ ।

# सन्दर्भ सामग्रीसूची

*ऋग्वेदसंहिता* भाग १-४ (सन् १९४६), सोनटक्के शर्मा, नारायण (सम्पा.), सायणभाष्य र पदपाठसहित. पुना : वैदिक संशोधन मण्डल ।

पतञ्जलि (सन् १९५०), *व्याकरण महाभाष्य,* चारुदेव शास्त्री (अनु.), दिल्ली : मोतीलाल बनारसी दास ।

पाणिनि (२०६०), *अष्टाध्यायी सूत्रपाठ,* ईश्वरचन्द्र (व्याख्या), दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

भर्तृहरि (सन् १९६५), *वाक्यपदीय,* काशीनाथ शर्मा (सम्पा.), पूना : पुण्यपतन विद्यापीठ ।

शर्मा, वासुदेव (सम्पा.), (सन् १९६१). *ईशाद्यष्टोत्तरपनिषद,* वाराणसी : चौखम्बा विद्याभवन ।

श्रीमद्भगवद्गीता २८ औँ संस्क.), (२०५६), गोरखपुरः गीताप्रेस ।

Cowie, A. P. (1995), *Oxford Advanced Learners Dictionary*. (INdian Edition) Calcutta : *Oxford University Press.*

*Maxwell Encyclopedia.* (2015), Mumbai : Wilko Publishing House .

Richards, Jac C and at.al (1999), *Longman Dictionary of Language Teaching and Applied Linguistic,*. Lonngman.

Saussure, F. De. (1959), *Course in General Linguistics,* Trans.Wade Baskin, New York : The Philosophical Society.